वर्ष १ अंक १६ जेष्ठ/आषाढ २०७६

# मैत्री बुलेटीन

मासिक

## ५ औं अन्तर्राष्ट्रिय योग दिवस २०१९



# नेपालको १२ औं गणतन्त्र दिवस २०७६ को अवसरमा नेपाल भारत मैत्री संघ केन्द्रीय कार्यसमितिद्वारा आयोजित शुभकामना आदान-प्रदान कार्यक्रम संघको केन्द्रीय कार्यालय, बानेश्वरमा संपन्न ।









नेपालको १२ औं गणतन्त्र दिवस २०७६ को अवसरमा नेपाल भारत मैत्री संघ केन्द्रीय कार्यसमितिद्वारा आयोजित शुभकामना आदान–प्रदान कार्यक्रम संघको केन्द्रीय कार्यालय, बानेश्वरमा संपन्न भएको छ । ने.भा.मै.संघ केन्द्रीय अध्यक्ष श्री राजकुमार सिन्धीज्यूको सभापतित्वमा भएको सो कार्यक्रममा संघका संरक्षक श्री गजानन्द अग्रवालज्यू प्रमुख अति( थि हुनुहुन्थ्यो यसैगरी संघका केन्द्रीय पदाधिकारी, संरक्षक, सल्लाहकार तथा सदस्यहरुको

कार्यक्रममा उपस्थिति रहेको थियो । कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष श्री तुल बहादुर साउदज्यूले नेपालमा संघियताको स्थापना तथा यसको सफलताको लागी अन्य संघियताबाट विकशित भएका देशहरुबाट नेपालले सिक्नुपर्ने उदाहरण पेश गर्नु भयो । उपाध्यक्ष श्री शेखर गिरिज्यूले नेपालमा गणतन्त्रको स्थापनामा शहिदहरुको भुमिका तथा यसको महत्व बारे प्रकाश पार्नु भएको थियो यसैगरी कार्यक्रमकै अवसरमा विभिन्न पदाधिकारी वक्ताहरुले नेपालमा गणतन्त्रको स्थापना, यसको औचित्य एवं महत्व लगायत समसामयिक विषयमा प्रष्ट पार्नु भएको थियो । संघका केन्द्रीय महासचिव श्री श्रीप्रसाद कोइरालाज्यूद्धारा संचालित उक्त कार्यक्रममा केन्द्रीय अध्यक्षज्यूद्धारा आमन्त्रित सबैमा नेपाल भारत मैत्री संघका समसामयिक विषयहरु लगायत गणतन्त्र दिवसको अवसरमा शुभकामना सन्देश दिनुभएको थियो ।

**भारतीय दूतावास काठमाडौंद्वारा नेपाल भारत मैत्री संघ को पहलमा कलैया बारा जिल्ला को प्रथम "पशुपति पुस्तकालय" लाई 38000 रुपैया का बिभिन्न ज्ञानदायक पुस्तक हरुका साथ पुस्तक राख्ने स्टील दराज 1 थान बीरगंज कांसुलेट का कौंसल श्री सुरेश जी को हाथ बाट नेपाल भारत मैत्री संघ केन्द्रीय सदस्य श्री अजवर आलम अन्सारी तथा त्यस क्षेत्रका सम्माननीय ब्यक्ति हरु को मांझमा हस्तांतरण कार्यक्रम सम्पादन भएको तस्बीर ।**



**Cyclone (Tornado) affected area :-** बारा जिल्ला को हर्दीया, परशुरामपुर मा भारतीय महाबानिज्य दूतावास बीरगंज, डाबर नेपाल , मंजीत मल्ल र नेपाल भारत मैत्री संघ को सहयोग बाट राहत बितरण कार्य **03 april 2019** मा सम्पन्न भयो ।



नेपालको १२ औं गणतन्त्र दिवस २०७६ को अवसरमा नेपाल भारत मैत्री संघ पाल्पा जिल्ला शाखाद्धारा आयोजित अर्न्तक्रिया कार्यक्रम संघका पाल्पा जिल्ला शाखा अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठको अध्यक्षता तथा संघका पदाधिकारी लगायत आजिवन सदस्यहरुको उपस्थितिमा संपन्न ।



**नेपालको १२ औं गणतन्त्र दिवस २०७६ को अवसरमा नेपाल भारत मैत्री संघ जिल्ला कार्यसमिति झापाद्वारा फलफुल वितरण कार्यक्रम संपन्न । उक्त अवसर मा मेची अस्पतालका बिरामीहरुलाई फलफुल वितरण गरिएको थियो ।**




५ औं अन्तर्राष्ट्रिय योग दिवस (२१ जून) २०१९ को अवसरमा नेपाल भारत मैत्री संघले नेपालका विभिन्न जिल्लाहरुमा वृहत योग शिविरहरुको आयोजना संपन्न गऱ्यो । ने.भा.मै.संघ, केन्द्रीय समितिको सहयोग एवं विभिन्न जिल्लाहरु स्थित शाखा/उप–शाखाहरुसंगको सहकार्यमा उक्त शिविरहरु आयोजना गरिएको थियो । ने.भा.मै.संघ केन्द्रीय अध्यक्ष श्री राजकुमार सिन्धीज्यू, महासचिव श्री श्रीप्रसाद कोइरालाज्यू, सह–सचिव श्री सुमन सुवालज्यू लगायत पदाधिकारीज्यूहरुले सबै जिल्लाहरुमा भएका योग शिविरहरुमा प्रतिनिधित्व गर्दै योग साधना गर्नुभएको थियो । विभिन्न जिल्लाहरुमा संपन्न योग शिविरका झलकहरु ।

# योग शिविर, पाटन दरबार स्क्वायर, ललितपुर

अन्तराष्ट्रिय योग दिवस २०१९ को अवसरमा नेपाल भारत मैत्री संघ केन्द्रीय समितिको आयोजना एवं काठमाडौं/ललितपुर जिल्ला शाखाको सह–आयोजनामा कृष्ण मन्दिर प्राङ्गण, पाटन दरबार स्क्वायर, ललितपुरमा संपन्न योग शिविर को झलकहरु ।







उक्त शिविरमा नेपाल भारत मैत्री संघका केन्द्रीय पदाधिकारीहरु, सल्लाहकारहरु, भारतिय राजदूतावसका प्रतिनिधिहरु, ने.भा.मै.संघ, काठमाडौं/ललितपु जिल्ला शाखाका पदाधिकारीहरु, स्थानिय जनता, पत्रकार लगायत समाजका विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्नुहुने विभिन्न व्यक्तिहरुले योग साधना गर्नु भएको थियो । जिवनयोग प्रयोगशाला VS Niketan केन्द्रका योगगुरुहरुले सो शिविरमा योग प्रशिक्षण गर्नुभएको थियो ।

# योग शिविर, बाराहिपिठ मन्दिर, भक्तपुर

**अन्तराष्ट्रिय योग दिवस २०१९ को अवसरमा नेपाल भारत मैत्री संघ केन्द्रीय समितिको आयोजना एवं भक्तपुर जिल्ला शाखाको सह–आयोजनामा बाराहिपिठ मन्दिर, भक्तपुर मा संपन्न योग शिविरका झलकहरु ।**







**उक्त शिविरमा नेपाल भारत मैत्री संघका केन्द्रीय पदाधिकारीहरु, भक्तपुर जिल्ला शाखाका पदाधिकारीहरु, आजिवन सदस्यहरु लगायत स्थानिय जनताहरुको सहभागिता रहेको थियो ।**

# योग शिविर, सामाखुसी, काठमाडौं

अन्तराष्ट्रिय योग दिवस २०१९ को अवसरमा नेपाल भारत मैत्री संघ केन्द्रीय समितिको आयोजना एवं सामाखुसी उप–शाखा, काठमाडौंको सह–आयोजनामा हिमालय वृद्धाश्रम, साम( ाखुसी, काठमाडौंमा संपन्न योग शिविरका झलकहरु ।





उक्त शिविरमा नेपाल भारत मैत्री संघका केन्द्रीय पदाधिकारीहरु, उप–शाखाका पदाधिकारीहरु, आजिवन सदस्यहरु, वृद्धाश्रममा आश्रित वृद्ध, वृद्धाहरु लगायत स्थानिय जनताहरुको सहभागिता रहेको थियो ।

# योग शिविर, भद्रपुर, झापा

अन्तराष्ट्रिय योग दिवस २०१९ को अवसरमा नेपाल भारत मैत्री संघ केन्द्रीय समितिको आयोजना एवं झापा जिल्ला शाखा, भद्रपुरको सह–आयोजनामा झापाको भद्रपुरमा संपन्न साताव्यापी योग शिविरका झलकहरु ।








# योग शिविर, मेचीनगर, झापा

**अन्तराष्ट्रिय योग दिवस २०१९ को अवसरमा नेपाल भारत मैत्री संघ केन्द्रीय समितिको आयोजना एवं मेचिनगर उप–शाखा, झापाको सह–आयोजनामा मेचीनगर, झापामा संपन्न योग शिविरका झलकहरु**





# योग शिविर, पोखरा, कास्की

अन्तराष्ट्रिय योग दिवस २०१९ को अवसरमा नेपाल भारत मैत्री संघ केन्द्रीय समितिको आयोजना एवं कास्की जिल्ला शाखा, पोखराको सह–आयोजनामा केदारेश्वर मन्दिर, पोखरामा संपन्न योग शिविरका झलकहरु ।









# योग शिविर, चोकबजार, चितवन

अन्तराष्ट्रिय योग दिवस २०१९ को अवसरमा नेपाल भारत मैत्री संघ केन्द्रीय समितिको आयोजना एवं गितानगर उप–शाखा, चितवनको सह–आयोजनामा चोकबजार, चित( वनमा संपन्न योग शिविरका झलकहरु ।





# योग शिविर, देवघाट, चितवन

अन्तराष्ट्रिय योग दिवस २०१९ को अवसरमा नेपाल भारत मैत्री संघ केन्द्रीय समि( तिको आयोजना एवं चितवन जिल्ला शाखाको सह–आयोजनामा देवघाट, चितवनमा संपन्न योग शिविरका झलकहरु ।





उक्त कार्यक्रम मध्यमाञ्चल जिल्लाका उपाध्यक्ष श्री विष्णुप्रसाद सापकोटा (साईर म)ज्यूको प्रमुख आतित्थ्यता, ने.भा.मै.संघ, चितवन जिल्ला शाखाका सभापति श्री विनोद शर्माज्यूको अध्यक्षतामा संघका पदाधिकारीहरु, आजिवन सदस्यहरु, स्थानिय जनता लगायतको उपस्थितिमा चितवन उद्योग वाणीज्य संघको सभा हलमा कार्यक्रम गरिएको थियो ।

# योग शिविर, देवघाट, तनहुँ

अन्तराष्ट्रिय योग दिवस २०१९ को अवसरमा नेपाल भारत मैत्री संघ केन्द्रीय समि( तिको आयोजना एवं तनहुँ जिल्ला शाखा, देवघाटको सह–आयोजनामा तनहुँको दे वघाटमा संपन्न योग शिविरका झलकहरु ।







उक्त कार्यक्रम मध्यमाञ्चल जिल्लाका उपाध्यक्ष श्री विष्णुप्रसाद सापकोटा (साईराम)ज्यूको प्रमुख आतित्थ्यता, ने.भा.मै.संघ, देवघाट, तनहुँ जिल्ला शाखाका अध्यक्ष श्री पुरुषोत्तम शर्मा पण्डितज्यूको  अध्यक्षतामा संघका पदाधिकारीहरु, आजिवन सदस्यहरु, राजनितिक दलका प्रतिनिधिहरु, तनहुँ जिल्ला वार्ड नं. ५ का वडा अध्यक्ष, स्थानिय समाजसेवी, महिला, स्थानिय जनता लगायतको उपस्थितिमा योग शिविर गरिएको थियो ।

# योग शिविर, रामपुर, पाल्पा

अन्तराष्ट्रिय योग दिवस २०१९ को अवसरमा नेपाल भारत मैत्री संघ केन्द्रीय समितिको आयोजना एवं पाल्पा जिल्ला शाखाको सह-आयोजनामा पाल्पाको रामपुरमा संपन्न योग शिविरका झलकहरु ।








उक्त शिविरमा ने.भा.मै.संघका केन्द्रीय पदाधिकारीहरु, पाल्पा जिल्ला शाखाका पदाधिकारीहरु, आजिवन सदस्यहरु, पाल्पा जिल्लाका नगर प्रमुख, स्थानिय जनता लगायतले योग साधना गर्नु भएको थियो ।

## योग शिविर, तौलिहवा, कपिलवस्तु

अन्तराष्ट्रिय योग दिवस २०१९ को अवसरमा नेपाल भारत मैत्री संघ केन्द्रीय समितिको आयोजना एवं कपिलवस्तु जिल्ला शाखाको सह–आयोजनामा कपिल( वस्तु बहुमुखी क्याम्पस, तौलिहवामा संपन्न योग शिविरका झलकहरु ।







## योग शिविर, नेपालगञ्ज, बाँके

अन्तराष्ट्रिय योग दिवस २०१९ को अवसरमा नेपाल भारत मैत्री संघ केन्द्रीय समितिको आयोजना एवं बाँके जिल्ला शाखाको सह–आयोजनामा बाँकेको नेपालगञ्जमा संपन्न योग शिविरका झलकहरु ।








# योग शिविर, भारतीय राजदूतावास, काठमाडौं

अन्तराष्ट्रिय योग दिवस २०१९ को अवसरमा नेपाल स्थित भारतीय राजदूतावास, काठमाडौंमा आयोजित योग शिविरमा योग साधना गर्नुहुँदै ने.भा.मै.संघ, केन्द्रीय अध्यक्ष राजकुमार सिन्धीज्यू लगायत पदाधिकारीज्यूहरु । साथै अन्तराष्ट्रिय योग दिवस सन्दर्भमा बोलाइएको बैठकमा नेपालका लागी भारतीय राजदूत महामहिम श्री मंजीव सिहं पुरीज्यू एवं एक्श्रृ ध्ष्लन प्रथम सचिव श्री अभिशेक दुवेज्यू साथै ने.भा.मै.संघ केन्द्रीय पदाधिकारीज्यूहरु ।





# योग शिविर, जनकपुर

**अन्तराष्ट्रिय योग दिवस २०१९ को अवसरमा जनकपुरमा आयोजित योग शिविरमा सहभागीता जनाउनुहुँदै ने.भा.मै.संघ केन्द्रीय अध्यक्ष श्री राजकुमार सिन्धीज्यू ।**






अन्तराष्ट्रिय योग दिवस २०१९ को अवसरमा विभिन्न जिल्लाहरुमा आयोजना गरिएका योग शिविरहरुमा प्रतिनिधित्व गर्ने भ्रमणको क्रममा दाङ जिल्ला स्थित ने.भा.मै.संघ, भालुवाङ्ग उप–शाखाका पदाधिकारीहरुसंग योग दिवस लगायत समसामयिक विषयहरुमा छलफल तथा भेटघाट गर्नुहुँदै ने.भा.मै.संघ केन्द्रीय अध्यक्ष श्री राजकुमार सिन्धीज्यू, महासचिव श्री श्रीप्रसाद कोइरालाज्यू, सह–सचिव श्री सुमन सुवालज्यू लगायत ।



अन्तराष्ट्रिय योग दिवस २०१९ को अवसरमा विभिन्न जिल्लाहरुमा आयोजना गरिएका योग शिविरहरुमा प्रतिनिधित्व गर्ने भ्रमणको क्रममा दाङ जिल्ला स्थित ने.भा.मै.संघ, भालुवाङ्ग उप–शाखाका पदाधिकारीहरुसंग योग दिवस लगायत समसामयिक विषयहरुमा छलफल तथा भेटघाट गर्नुहुँदै ने.भा.मै.संघ केन्द्रीय अध्यक्ष श्री राजकुमार सिन्धीज्यू, महासचिव श्री श्रीप्रसाद कोइरालाज्यू, सह–सचिव श्री सुमन सुवालज्यू लगायत ।



अन्तराष्ट्रिय योग दिवस २०१९ को अवसरमा विभिन्न जिल्लाहरुमा आयोजना गरिएका योग शिविरहरुमा प्रतिनिधित्व गर्ने भ्रमणको क्रममा कपिलवस्तु जिल्ला स्थित ने.भा.मै.संघ, कपिलवस्तु जिल्ला शाखाका पदाधिकारीहरुसंग कपिल आश्रममा भेटघाट गर्नुहुँदै ने.भा.मै.संघ केन्द्रीय अध्यक्ष श्री राजकुमार सिन्धीज्यू, महासचिव श्री श्रीप्रसाद कोइरालाज्यू, सह–सचिव श्री सुमन सुवालज्यू लगायत ।







अन्तराष्ट्रिय योग दिवस २०१९ को अवसरमा विभिन्न जिल्लाहरुमा आयोजना गरिएका योग शिविरहरुमा प्रतिनिधित्व गर्ने भ्रमणको क्रममा प्यूठानको स्वर्गद्धारी मन्दीर दर्शन गर्दै ने.भा.मै.संघ केन्द्रीय अध्यक्ष श्री राजकुमार सिन्धीज्यू, महासचिव श्री श्रीप्रसाद कोइरालाज्यू, सह–सचिव श्री सुमन सुवालज्यू साथमा स्वर्गद्धारी पीठका सन्त ।



**नोटः**

सबै जिल्ला शाखा र उपशाखाहरुमा विनम्र निवेदन छ । आ-आफ्नो सम्पन्न गरिएका कार्यक्रम समाचार तथा तत् सम्बन्धि फोटो तथा यस बुलेटिन सम्बन्धि राय सुझावहरु यथाशिघ्र नेपाल भारत मैत्री संघको कार्यालयमा उपलब्ध गराई दिनुहोला ।